जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २७१ | २०८३ साल जेठ ०३ गते आईतवार | Sunday-17-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## सार्वजनिक जग्गा अतिक्रमण हट्न थाल्यो, बारामा प्रशासनको अभियान तीव्र

***शु.आ. सम्बाददाता***
***बारा, ०२ जेठ***



बारा जिल्लामा सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हटाउने अभियानले तीव्रता पाएको छ। जिल्ला प्रशासन कार्यालय बाराले दिएको निर्देशनपछि कलैया उपमहानगरपालिका क्षेत्रमा वर्षौंदेखि अतिक्रमण गरिएका सरकारी जग्गा खाली गराउने कार्य धमाधम अघि बढाइएको हो।

प्रशासनले यसअघि कलैया-१० मटिअर्वास्थित नहर चौक क्षेत्रबाट अतिक्रमण हटाउने काम सुरु गरेको थियो । त्यसको निरन्तरतास्वरूप शनिबारदेखि कलैया उपमहानगरपालिका वडा नं. ४ मा रहेको कारागार शाखा कार्यालय, कलैयाको नाममा दर्ता रहेको सरकारी जग्गा खाली गराउने अभियान सुरु गरिएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार वडा नं. ४ अन्तर्गत पर्ने कित्ता नं. १०२, १०३ र ४४४ को सरकारी जग्गामा विभिन्न व्यक्तिहरूले लामो समयदेखि गैरकानुनी रूपमा स्थायी तथा अस्थायी संरचना निर्माण गरी प्रयोग गर्दै आएका थिए। ती क्षेत्रमा घरटहरा तथा अन्य संरचना बनाएर बसोबास र व्यापार सञ्चालन भइरहेको पाइएको प्रशासनको भनाइ छ।

प्रशासनले अनुसन्धान, स्थलगत निरीक्षण तथा नापजाँचका क्रममा सरकारी निकायसँग कुनै प्रकारको सम्झौता वा स्वीकृति बिना नै सार्वजनिक जग्गा कब्जा गरी संरचना निर्माण गरिएको निष्कर्ष निकालेको जनाएको छ । त्यसपछि स्थानीय प्रशासन ऐन, २०२८ अनुसार गत चैत २६ गते सार्वजनिक सूचना जारी गर्दै ३५ दिनभित्र सम्पूर्ण संरचना हटाउन निर्देशन दिइएको थियो ।

सूचना जारी भएपछि केही व्यक्तिहरूले

*बाँकी तेश्रो पृष्ठमा*

## सर्वसाधारणमाथि कडाइ, तस्करलाई खुला छुट ? पर्साका वैकल्पिक नाकामा प्रहरीकै सेटिङको आरोप

***शु.आ. संवाददाता***
***पर्सा, ०२ जेठ***




सरकारले सीमावर्ती क्षेत्रमा राजस्व चुहावट रोक्न भारतीय बजारबाट एक सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गरेपछि सर्वसाधारण प्रत्यक्ष मारमा परेका छन् । तर यही बीच पर्साका विभिन्न वैकल्पिक नाकाबाट भने प्रहरीकै संरक्षणमा संगठित तस्करी फस्टाइरहेको भन्दै स्थानीयले गम्भीर आरोप उठाएका छन् ।

स्थानीय स्रोतका अनुसार पर्साको सिरिसिया, ड्राइपोर्ट र अमरपट्टि नाकाबाट रातिको समयमा ठूलो परिमाणमा अवैध सामान नेपाल भित्र्याइने गरिएको छ। मोटरसाइकल र साइकल प्रयोग गरी कपडा, जुत्ताचप्पल, हार्डवेयर सामग्री, काजु, किराना सामानदेखि कम्प्युटरका पार्टपुर्जासम्म तस्करी हुने गरेको स्थानीयको दाबी छ।

सीमामा सामान्य घरायसी प्रयोजनका लागि सामान ल्याउने सर्वसाधारण भने कडा निगरानी, सोधपुछ र भन्सार प्रक्रियाबाट हैरान भइरहेका छन् । "एक-दुई हजारको सामान ल्याउँदा पनि दुःख दिइन्छ, तर राति ट्र्याक बनाएर तस्करी गराउनेहरूलाई कसैले रोक्दैन," एक स्थानीयले गुनासो गरे। स्थानीयवासीले वडा प्रहरी कार्यालय श्रीपुर अन्तर्गत परिचालित 'क्युआर टोली' माथि तस्करसँग प्रत्यक्ष मिलेमतो रहेको आरोप लगाएका छन्। स्रोतका अनुसार केही सुरक्षाकर्मीले तस्कर समूहसँग नियमित रकम उठाउने र 'लाइन क्लियर' गराउने काम गर्दै आएका छन् ।

विशेषगरी प्रहरी जवान दिपेश क्षेत्रीमाथि तस्करी व्यवस्थापनमा सक्रिय रहेको आरोप छ । सीमावर्ती क्षेत्रमा उनी आफूलाई राजनीतिक पहुँच भएको व्यक्ति भन्दै तस्करीको 'लाइन' मिलाउने गरेको चर्चा व्यापक रहेको स्थानीय बताउँछन्।

"राति कुन समयमा सामान ल्याउने, कहाँबाट छिराउने र कसलाई कति दिने भन्ने सबै सेटिङ मिलाएर काम हुन्छ," अर्का स्थानीयले भने, "साधारण मान्छेलाई मात्र नियम देखाइन्छ।"

तस्करीबारे यति धेरै गुनासा आउँदा पनि वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक नवीन थापा मगर सार्वजनिक रूपमा मौन देखिएको भन्दै स्थानीयले प्रश्न उठाएका छन् । मातहतका सुरक्षाकर्मीमाथि लगातार आरोप लागिरहँदा पनि कुनै छानबिन वा कारबाही प्रक्रिया अघि नबढाइएको गुनासो छ।

सरकारले भ्रष्टाचार र तस्करीविरुद्ध "शून्य सहनशीलता" नीति अपनाएको दाबी गरिरहे पनि सीमावर्ती क्षेत्रमा भने व्यवहारमा उल्टो अवस्था देखिएको स्थानीयको भनाइ छ। "नीति कागजमा मात्रै छ, फिल्डमा त सेटिङकै राज चलेको छ," एक व्यापारीले आरोप लगाए ।

**राजस्वमा असर, वैधानिक व्यापारी मारमा**

अवैध रूपमा सामान भित्रिँदा राज्यले ठूलो परिमाणमा राजस्व गुमाइरहेको व्यवसायीहरू बताउँछन् । वैधानिक रूपमा भन्सार तिरेर व्यापार गर्ने व्यापारीहरू भने तस्करीको सस्तो सामानसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा पुगेका छन् ।

स्थानीय व्यवसायीहरूले सीमामा हुने दोहोरो व्यवहार अन्त्य गर्न, सर्वसाधारणमाथिको अनावश्यक कडाइ हटाउन र संगठित तस्करीमा संलग्नमाथि निष्पक्ष छानबिन गर्न माग गरेका छन् ।

## बौधिमाई नगरपालिकाका मेयर प्रदीप यादवद्वारा शिक्षकमाथि कार्यकक्षमै कुटपिट र बन्धकः चौतर्फी विरोध

***शु. आ. सम्बाददाता***
***रौतहट, ०२ जेठ***



रौतहटको बौधिमाई नगरपालिकाका नगर प्रमुख प्रदीप कुमार यादवले पदीय मर्यादा र शक्तिको चरम दुरुपयोग गर्दै एक सरकारी कर्मचारी (शिक्षक) माथि कार्यकक्षमै बोलाएर भौतिक आक्रमण गरेको घटना सार्वजनिक भएको छ। मेयर यादवले श्री शंकर माध्यमिक विद्यालय सरमुजवामा कार्यरत स्थायी शिक्षक रामबाबु यादवलाई आफ्नै कार्यकक्षमा डाकेर गालीगलौज, कुटपिट गर्नुका साथै घण्टौंसम्म बन्धक बनाएको खुलासा भएको हो।

पीडित शिक्षकका अनुसार गत वैशाख २९ गते मंगलबार पालिकाका कर्मचारीमार्फत उनलाई सरमुजवास्थित नगर कार्यपालिकाको कार्यालयमा बोलाइएको थियो । कार्यालय पुग्नासाथ मेयर यादवले विगतको रिसिइबीलाई लिएर एक्कासि गालीगलौज सुरु गरेका थिए । प्रतिवाद गर्न नपाउँदै मेयर र उनका सहयोगीहरूले शिक्षक यादवमाथि मरणासन्न हुने गरी कुटपिट गरेका थिए। कुटपिट पश्चात् उनलाई बाहिर निस्कन नदिई अपहरणको शैलीमा घण्टौंसम्म पालिकामै घेरा हालेर बन्धक बनाइएको पीडित पक्षको भनाइ छ।

घटनाको मुख्य कारण सामाजिक सञ्जालमा गरिएको एउटा सामान्य टिप्पणी पाइएको छ। गत वर्षको भदौ २३ र २४ गते देशव्यापी रूपमा चर्किएको 'जेनजी (न्भल श) आन्दोलनको समयमा शिक्षक यादवले आफ्नो फेसबुक अकाउन्टमा एउटा स्टाटस पोस्ट गरेका थिए ।

उक्त पोस्टमा उनले लेखेका थिए:

म्यादी वडा अध्यक्ष र मेयर सापहरु अब तिमीहरू कुन पार्टीको मेयर र मुखिया छौ ? अलिकति पनि लाज छ भने तुरुन्त राजीनामा देउ ।

नेपालको विद्यमान राजनीतिक अस्थिरता बेरोजगारी र युवा पुस्ताप्रतिको सरकारी उदासीनताका विरुद्ध देशैभरिका युवाहरू सडकमा उत्रिएका बेला शिक्षक यादवले पनि नागरिकको हैसियतमा उक्त असन्तुष्टि व्यक्त गरेका थिए । सामाजिक सञ्जालका विभिन्न माध्यमबाट युवाहरूले आफ्ना पीडा र आक्रोश पोखिरहेको तत्कालीन परिवेशमा लेखिएको सोही स्टाटसलाई मेयर यादवले प्रतिष्ठाको विषय बनाएको देखिन्छ ।

भदौ २४ गते लेखिएको उक्त स्टाटसको विषयलाई लिएर मेयर यादवले झन्डै आठ महिनापछि योजनाबद्ध तरिकाले रिसिइबी साधेका हुन्। महिनौंसम्म मौन रहेर अचानक कार्यालयमा बोलाई आक्रमण गरिनुले घटना पूर्वनियोजित रहेको पुष्टि हुने पीडित शिक्षकको दाबी छ।

देशको राजनीतिक अवस्थाबाट आजित भएका युवाहरूको आन्दोलनलाई समर्थन गर्दै नागरिकको हिसाबले सांकेतिक विरोध गर्नु मेरो कुनै राजनीतिक अपराध थिएन, पीडित शिक्षक यादवले दुःख व्यक्त गर्दै भने, तर मेयर साबले आठ महिना पुरानो

*बाँकी तेश्रो पृष्ठमा*

## बारा प्रहरी र ट्राफिक नेतृत्वमा फेरबदल : डिएसपी सिंह र पण्डितको सरुवा, घले र न्यौपाने आउँदै

***शु.आ. संवाददाता***
***बारा, ०२ जेठ***





नेपाल प्रहरी संगठनभित्र गरिएको पछिल्लो सरुवा निर्णयअन्तर्गत बारा जिल्लाको सुरक्षा तथा ट्राफिक व्यवस्थापन नेतृत्वमा महत्वपूर्ण फेरबदल भएको छ । जिल्ला प्रहरी कार्यालय बारा तथा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयामा कार्यरत प्रहरी नायब उपरीक्षक (डिएसपी) हरूको सरुवासँगै नयाँ नेतृत्व आउने भएको हो।

नेपाल प्रहरी प्रधान कार्यालयले शुक्रबार सार्वजनिक गरेको सरुवा सूचीअनुसार नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रवक्ता एवं ट्राफिक प्रहरी नायब उपरीक्षक वकिलबहादुर सिंहको प्रहरी वृत्त सातदोबाटोमा सरुवा गरिएको छ । सिंह करिब १५ महिनाअघि पथलैयास्थित प्रदेश ट्राफिक कार्यालयमा हाजिर भएका थिए । कार्यकालका दौरान उनले पूर्व-पश्चिम राजमार्ग क्षेत्रमा ट्राफिक व्यवस्थापन, दुर्घटना न्यूनीकरण अभियान तथा सवारी अनुशासन कायम गर्न सक्रिय भूमिका निर्वाह गरेका थिए । उनको स्थानमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथमा कार्यरत डिएसपी नवराज न्यौपाने पथलैयामा आउने भएका छन् । न्यौपानेको आगमनसँगै मधेस प्रदेशको मुख्य राजमार्ग क्षेत्रमा ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

यसैगरी जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवं डिएसपी बिजयराज पण्डितको पनि सरुवा भएको छ । उनलाई मधेस प्रदेश प्रहरी कार्यालय अन्तर्गत प्रहरी नायब महानिरीक्षक ( डिआईजी) को सचिवालयमा पठाइएको हो। पण्डित बारा प्रहरीका प्रवक्ताका रूपमा जिल्लामा हुने शान्ति सुरक्षा, अपराध अनुसन्धान तथा विभिन्न प्रहरी गतिविधिबारे नियमित सूचना प्रवाह गर्दै आएका थिए ।

उनको स्थानमा काठमाडौं उपत्यका सशस्त्र प्रहरी गण नम्बर-२ महाराजगन्जमा कार्यरत डिएसपी मीनबहादुर घले बारामा आउने भएका छन्। घलेको आगमनसँगै जिल्ला प्रहरी कार्यालय बाराको कमाण्ड संरचनामा नयाँ कार्यशैली र सुरक्षा रणनीति देखिने अपेक्षा गरिएको छ ।

नेपाल प्रहरी प्रधान कार्यालयका प्रहरी उपरीक्षक निरञ्जनदत्त भट्टद्वारा जारी सूचनाअनुसार देशभरका १४९ जना प्रहरी नायब उपरीक्षकहरूको काज तथा सरुवा गरिएको हो। प्रहरी

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### विकास कि देखावटी ढलान ?

फेटा गाउँपालिका-७ गम्हरिया टोलमा भइरहेको सडक ढलान कार्यमाथि उठेको अनियमितताको आरोप केवल स्थानीय निर्माण विवाद होइन, यो समग्र विकास प्रणालीप्रति बढ्दै गएको जनअविश्वासको संकेत हो । करिब २५ लाख रुपैयाँको प्रदेश बजेटबाट भइरहेको योजनामा स्थानीयले भिडियोसहित प्रश्न उठाउनु सामान्य विषय होइन ।

ढलानको गुणस्तर, प्रयोग भएका सामग्री र प्राविधिक अनुगमनबारे उठेका प्रश्नहरू अझै अनुत्तरित छन् । योजना सञ्चालनमै नरहेको भनिए पनि स्थलमा काम भइरहेको देखिनु प्रशासनिक अन्योल र समन्वय अभावको स्पष्ट उदाहरण हो । सूचना अधिकारी र सम्बन्धित कार्यालय प्रमुखका फरक-फरक र अस्पष्ट प्रतिक्रियाले शंकालाई झन् गहिरो बनाएको छ । जिम्मेवार अधिकारी सम्पर्कविहीन हुनु सार्वजनिक उत्तरदायित्वप्रतिको कमजोरी हो । विकास निर्माणमा गुणस्तरभन्दा देखावटीपन हावी हुने पुरानो प्रवृत्ति अझै रोकिएको छैन । तर अहिले स्थानीय नागरिक स्वयं प्रमाणसहित प्रश्न उठाउन थालेका छन्, जसले निगरानी र सचेतनामा सुधार देखाउँछ ।

सार्वजनिक बजेट जनताको करबाट बनेको हो, त्यसैले पारदर्शिता र जवाफदेहिता अनिवार्य हो । अनियमितता पुष्टि भए कानुनी कारबाही हुनुपर्छ, र नभए पनि सत्य तथ्य सार्वजनिक गरेर भ्रम हटाइनुपर्छ ।यो घटना केवल सडक ढलानको होइन, राज्यप्रतिको विश्वासको परीक्षण हो ।

# आन्तरिक मूल्यांकन र अन्योल



भवानी खड्का

नेपालको विद्यालय शिक्षामा अहिले फेरि एउटा नयाँ बहस सुरु भएको छ । कक्षा १ देखि ५ सम्म आन्तरिक मूल्यांकनका आधारमा शिक्षण सिकाइ सञ्चालन गर्ने विषयले शिक्षा क्षेत्र, अभिभावक, शिक्षक र समाजमा एकैसाथ चासो, जिज्ञासा, आशंका र बहस सिर्जना गरेको छ । कतिपयले यसलाई समयानुकूल र विद्यार्थीमैत्री व्यवस्था भनेका छन् भने कतिपयले अब सामुदायिक विद्यालयको सिकाइ स्तर झन् खस्किने अनुमान लगाएका छन् । मास्टरहरूलाई सजिलो भयो, विद्यार्थी परीक्षा नदिई माथिल्लो कक्षामा पुग्छन्, भन्ने टिप्पणी पनि सुनिन थालेको छ ।

आन्तरिक मूल्यांकन वास्तवमा के हो भन्ने विषयमा स्पष्ट बुझाइ नहुँदा यस्ता धारणा बढिरहेका छन् । आन्तरिक मूल्यांकन विद्यार्थीको निरन्तर सिकाइ, व्यवहार, सहभागिता, सिर्जनशीलता, क्षमता, अभ्यास र दैनिक प्रगतिका आधारमा गरिने मूल्यांकन प्रक्रिया हो । यसको उद्देश्य विद्यार्थीलाई फेल गराउनु होइन, सिकाइका कमजोरी पहिचान गरी आवश्यक सहयोगमार्फत निर्धारित सिकाइ उपलब्धिसम्म पुऱ्याउनु हो ।

यसको मूल मर्म विद्यार्थीलाई कक्षा १, २ वा ३ मै असफल घोषणा गरेर मानसिक रूपमा कमजोर बनाउनु होइन । शिक्षकले प्रत्येक विद्यार्थीको व्यक्तिगत चाहना, आवश्यकता, सिकाइ गति, क्षमता र कमजोरी पहिचान गर्दै उनीहरूलाई क्रमशः सिकाइमा अगाडि बढाउनु यसको आधारभूत सोच हो । अर्थात् विद्यार्थीलाई सिकाउँदै, सुधार गर्दै र साथ दिँदै माथिल्लो तहसम्म पुऱ्याउने अवधारणा नै आन्तरिक मूल्यांकन हो । त्यसैले यसले शिक्षकको भूमिका घटाउँदैन, बरु झन् जिम्मेवार बनाउँछ ।

अहिलेको सबैभन्दा ठूलो चुनौती अवधारणा होइन, कार्यान्वयनको तयारी हो । नेपालमा २०७६ सालदेखि नै कक्षा १-३ मा एकीकृत पाठ्यक्रम लागू गरिएको हो । तर यथार्थमा हेर्दा अझै धेरै विद्यालयले यसको पूर्ण कार्यान्वयन गर्न सकेका छैनन् । कतिपय विद्यालयमा शिक्षकहरू अझै पनि आन्तरिक मूल्यांकन कसरी गर्ने ?, विद्यार्थीको सिकाइ अभिलेख कसरी राख्ने ?, ग्रेडिङ कसरी गर्ने ?, विद्यार्थीको वास्तविक सिकाइ अवस्था कसरी मापन गर्ने ? भन्ने विषयमै स्पष्ट छैनन् ।

अहिले अभिभावकलाई हातमा ग्रेडसिट थमाउनुपर्ने बाध्यात्मक अवस्था छ । तर धेरै ठाउँमा शिक्षक स्वयं ग्रेडिङको आधार, मूल्यांकनको प्रक्रिया र सिकाइ उपलब्धिको विश्लेषणबारे पूर्ण रूपमा प्रशिक्षित छैनन् । यस्तो अवस्थामा अभिभावकले पनि मेरो बच्चाले वास्तवमा के सिक्छ ?, ग्रेड राम्रो आउँदैमा सिकाइ राम्रो हो कि होइन ? भन्ने प्रश्न उठाउनु स्वाभाविक हो ।

एकीकृत पाठ्यक्रम २०७६ को मूलमर्म अझै व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । कतिपय विद्यालय अझै पनि वार्षिक परीक्षा नै सिकाइ मापनको मुख्य आधार हो भन्ने मानसिकताबाट माथि उठ्न सकेका छैनन् । त्यसैले अहिले एक्कासि कक्षा १-५ सम्म आन्तरिक मूल्यांकन लागू हुन्छ भन्ने चर्चा आउँदा विद्यालय तहमा अन्योल बढ्नु स्वाभाविक हो । नेपालमा बहुकक्षा बहुस्तर पद्धति र निरन्तर मूल्यांकन प्रणालीको अभ्यास भने नयाँ होइन । २०४८ सालदेखि जर्मन-नेपाल सहयोग संघले नेपालमा बहुकक्षा बहुस्तर पद्धतिको सुरुवात गरेको थियो । अहिले लागू गरिएको एकीकृत पाठ्यक्रमको आधारभूत सोच पनि त्यही बहुकक्षा बहुस्तर सिकाइसँग जोडिएको देखिन्छ । २०६६ सालदेखि यो संस्थाले देशभर नै लागू गऱ्यो । अहिले २ सय ६९ विद्यालयमा यो पद्धति पूर्ण रूपमा लागू गरेको छ । धेरै विद्यालयले कक्षा ४-५ सम्मसमेत यो अभ्यास प्रभावकारी रूपमा सञ्चालन गरिरहेका छन् । ती विद्यालयमा विद्यार्थीको सिकाइ स्तर, सहभागिता र व्यवहारमा सकारात्मक परिवर्तन देखिएको अनुभव पनि छ ।

शिक्षकले विद्यार्थीलाई केवल पाठ पढाउने होइन, उनीहरूको सिकाइ अवस्था बुझेर व्यक्तिगत रूपमा सहजीकरण गर्ने अभ्यास गरेका छन् । त्यसैले अहिलेको व्यवस्था त्यस्ता विद्यालयलाई कार्यान्वयन गर्न सहज हुन सक्छ । तर सबै विद्यालयको अवस्था समान छैन । कतै शिक्षक अभाव छ, कतै तालिम पुगेको छैन, कतै शैक्षिक सामग्री अभाव छ, कतै विद्यालय प्रशासन नै अन्योलमा छ ।

सबैभन्दा ठूलो समस्या अहिले शिक्षक तयारीमा देखिन्छ। कतिपय विद्यालयमा कक्षाकोठामा जाने शिक्षक नै अन्योलमा छन् । अब परीक्षा कसरी हुन्छ ?, विद्यार्थीलाई फेल गर्न पाइँदैन भने सिकाइ कसरी सुनिश्चित गर्ने ?, कमजोर विद्यार्थीलाई कसरी माथिल्लो कक्षाको स्तरसम्म पुऱ्याउने ?, ग्रेडिङको आधार के हुने ? भन्ने प्रश्न शिक्षकभित्रै छन् । यस्तो अवस्थामा प्रभावकारी अभिमुखीकरण बिना सफल कार्यान्वयन सम्भव देखिँदैन ।

त्यसैले अहिलेको सबैभन्दा आवश्यक पक्ष शिक्षक अभिमुखीकरण हो । मौखिक रूपमा 'अब यसरी लागू हुन्छ' भनेर घोषणा गर्दैमा नीति सफल हुँदैन । शिक्षकलाई व्यावहारिक रूपमा सिकाउनुपर्छ । विद्यार्थीको सिकाइ अभिलेख कसरी राख्ने, दैनिक मूल्यांकन कसरी गर्ने, परियोजना कार्य र कक्षागत सहभागितालाई कसरी मूल्यांकन गर्ने, कमजोर विद्यार्थीलाई कसरी सहजीकरण गर्ने भन्ने विषयमा स्पष्ट प्रशिक्षण आवश्यक छ ।

फेस-टु-फेस तालिम तत्काल सम्भव नहुन सक्छ । तर अहिले विभिन्न माध्यम उपलब्ध छन् । अनलाइन तालिम, भिडियो सामग्री, डिजिटल प्लेटफर्म, भर्चुअल कक्षाजस्ता विकल्प प्रयोग गर्न सकिन्छ । तर यहाँ अर्को यथार्थ पनि छ, सबै भेगका सबै विद्यालयका शिक्षक डिजिटल पहुँचमा छैनन् । हिमाली र दुर्गम क्षेत्रका धेरै विद्यालयमा इन्टरनेटको पहुँच कमजोर छ । कतिपय शिक्षकहरू डिजिटल सामग्री प्रयोग गर्नमै अभ्यस्त छैनन् । त्यसैले अनलाइन सामग्री उपलब्ध छ भनेर मात्र पुग्दैन ।

यही कारण स्थानीय तहका शिक्षा शाखाहरूको भूमिका अहिले महत्त्वपूर्ण देखिन्छ । स्थानीय तहले मातहतका विद्यालयका शिक्षकलाई तत्काल अभिमुखीकरण गर्नुपर्छ । अनलाइन सामग्री कसरी हेर्ने ?, एकीकृत पाठ्यक्रमअनुसार शिक्षण कसरी गर्ने ?, आन्तरिक मूल्यांकनको अभिलेख कसरी राख्ने ?, ग्रेडिङ प्रणाली कसरी प्रयोग गर्ने ? भन्ने विषयमा स्पष्ट निर्देशन आवश्यक छ ।

अहिले कतिपय बुझेका मानिसले समेत अब सामुदायिक विद्यालयको स्तर झन् खस्किन्छ, विद्यार्थी कमजोर हुँदै जान्छन्, एकै पटक माथिल्लो कक्षामा परीक्षा दिँदा सिकाइ कमजोर हुन्छ भन्ने हाउगुजी फैलाइरहेका छन् । तर वास्तविकता के हो भने आन्तरिक मूल्यांकनको सफलताले शिक्षकलाई अझ सक्रिय बनाउने हो । विद्यार्थीको दैनिक सिकाइमा शिक्षक निरन्तर जोडिनुपर्ने भएकाले यसमा जिम्मेवारी झन् बढ्छ ।

तर शिक्षकलाई पर्याप्त प्रशिक्षण नदिई, विद्यालयलाई तयारीबिना र अभिभावकलाई जानकारी नदिई सिधै लागू गरियो भने फितलो कार्यान्वयनको जोखिम भने अवश्य रहन्छ । राम्रो नीति पनि कमजोर कार्यान्वयनका कारण आलोचनाको विषय बन्न सक्छ । सरकारले नीति ल्याउला, पाठ्यक्रम विकास केन्द्रले ढाँचा बनाउला, तालिम प्रदायक निकायले तालिम सञ्चालन गर्लान् । तर अहिलेको आवश्यकता छिटो समन्वय, स्पष्ट निर्देशन र प्रभावकारी अभिमुखीकरण हो । शिक्षक तयार भएमात्र आन्तरिक मूल्यांकन प्रभावकारी हुन्छ । अभिभावक सचेत भएमात्र यसको उद्देश्य बुझिन्छ । विद्यालय जिम्मेवार भएमात्र विद्यार्थीको वास्तविक सिकाइ सुधार सम्भव हुन्छ ।

आन्तरिक मूल्यांकनलाई 'फेल हटाउने व्यवस्था'का रूपमा मात्र बुझ्नु ठूलो भूल हुनेछ । यो विद्यार्थीलाई सिकाउँदै, सुधार गर्दै र आत्मविश्वासी बनाउँदै अगाडि बढाउने प्रणाली हो । यसको सफल कार्यान्वयनले सामुदायिक विद्यालयको सिकाइ सुधार्न सक्छ । तर पर्याप्त तयारी, प्रशिक्षण र समन्वयबिना लागू गरियो भने राम्रो अवधारणा पनि विवाद र असफलताको जोखिममा पर्न सक्छ ।




## अन्तराष्ट्रिय समाचार

# हमासका सशस्त्र शाखा प्रमुखको इजरायली आक्रमणमा मृत्यु

जेरुसलेम - हमासको सशस्त्र शाखाका प्रमुख एजेदिन अल-हद्दादको शुक्रबार गाजामा इजरायलले गरेको आक्रमणमा मृत्यु भएको इजरायली सेनाले पुष्टि गरेको छ । अल-हद्दादलाई इजरायलले सन् २०२३ अक्टोबर ७ मा भएको आक्रमणको सूत्रधार भएको बताएको छ ।

प्यालेष्टिनी सशस्त्र इस्लामिक लडाकू समूह ९हमास०ले पनि अल-हद्दादको इजरायली आक्रमणबाट मृत्यु भएको शनिबार पुष्टि गरेको छ । हमासले सन् २०२३ अक्टोबर ७ मा इजरायलमा आक्रमण गरेपछि, इजरायली सेना र गुप्तचर सेवाहरूले गाजा र यस क्षेत्रमा समूहका वरिष्ठ राजनीतिक नेताहरू र लडाकू कमान्डरहरूलाई लक्षित गर्दै व्यापक अभियान चलाएका छन् ।

शुक्रबार सेनाले गाजामा अल-हद्दादलाई लक्षित गरी हवाई आक्रमण गरेको थियो भने उनको मृत्यु भएको पुष्टि शनिबार गरेको हो । सेनाले आफू र शिन बेट घरेलु सुरक्षा निकायलाई सङ्केत गर्दै भनेको छ, 'इजरायली रक्षा बल ९आइडिएफ० र इजरायली सुरक्षा निकाय (आइएसए)ले शुक्रबार गाजाको



शहरी क्षेत्रमा गरेको एक सटीक आक्रमणमा हमासको सशस्त्र शाखाका प्रमुख अल-हद्दादको मृत्यु भएको छ ।' हमासका दुई अधिकारीले पनि हद्दाद इजरायली आक्रमणमा मारिएको पुष्टि गरेका छन् । 'हमासका एक वरिष्ठ अधिकारी (सिनियर कमान्डर)ले भने, 'गाजा शहरमा एक आवासीय अपार्टमेन्ट र एक नागरिक गाडीलाई लक्षित गरी इजरायलले गरेको आक्रमणमा एजेदिन अल-हद्दादले शाहदत प्राप्त गर्नुभएको छ ।' हमासको सशस्त्र शाखाका एक अर्का सदस्यले उहाँको मृत्युको पुष्टि गरेका छन् । हमास निकट स्रोतका अनुसार, हद्दाद, उहाँकी श्रीमती र एक छोरीसहितको इजरायली आक्रमणमा मृत्यु भएको थियो ।

एएफपीका तस्वीरहरूमा शोकाकुल व्यक्तिहरूले हमासको झन्डाले बेरिएको हद्दादको शवलाई भवनको भग्नावशेषबाट उठाएर स्ट्रेचरमा बोकेको देखाइएको छ । इजरायली सेनाले अक्टोबर ७ को नरसंहारको योजना र कार्यान्वयनको निर्देशन दिएका हद्दाद हमासको सैन्य शाखाका अन्तिम वरिष्ठ कमान्डरमध्ये एक भएको बताएको छ । युद्धका क्रममा बन्धक इजरायलीलाई लुकाएर राख्ने र ठाउहरू सार्ने व्यवस्था गर्ने काममा पनि हद्दाद संलग्न रहेको बताइएको छ । 'हद्दादले हमासको बन्धक बन्दी प्रणालीको व्यवस्थापन गरेका र बन्धकहरूलाई ढाल बनाएर पटक-पटक आफ्नो जीवन जोगाउन सफल भएका थिए,' विज्ञप्तिमा भनिएको छ । इजरायलका सेना प्रमुख लेफ्टिनेन्ट कर्णेल इयाल जमिरले उक्त कारबाहीलाई 'महत्वपूर्ण उपलब्धि' भनेका छन् । 'मैले फिर्ता भएका बन्धकहरूसँग गरेको प्रत्येक कुराकानीमा बारम्बार अल-हद्दादको नाम आउने गरेको थियो,' जमिरले भने । उनले भने, 'आज हामी अल-हद्दादलाई हटाउन सफल भयौं । आइडिएफले शत्रुहरूलाई पछ्याउने कामलाई जारी राख्नेछ, उनीहरूलाई आक्रमण गर्नेछ र अक्टोबर ७ को नरसंहारमा भाग लिने सबैलाई जवाफदेही बनाउनेछ ।' इजरायलले अक्टोबर ७ को आक्रमणको प्रमुख योजनाकार मानिने याह्या सिनवारसहित धेरै हमास नेताहरूको युद्धको क्रममा मृत्यु भएको आक्रमणको जिम्मेवारी लिएको छ ।

# धोबीनी-४ मा रास्वपाको वडा समिति गठन, रोशन पटेल सभापतिमा चयन




***राजन कुमार बानियाँ***
***पर्सा, ०२ जेठ***

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पर्साको धोबीनी गाउँपालिका-४ मा नयाँ वडा समिति गठन गरेको छ । स्थानीय तहमा पार्टी संगठन विस्तार तथा जनसम्पर्कलाई सुदृढ बनाउने उद्देश्यसहित समिति गठन गरिएको जनाइएको छ ।

गठित वडा समितिको सभापतिमा रोशन पटेल चयन भएका छन् । समितिको उपसभापतिमा सुनिल साह कलवार तथा सचिवमा शिव पटेललाई जिम्मेवारी दिइएको छ ।

यसैगरी सदस्यहरूमा बिकी पटेल, रामजानम प्रसाद कुर्मी, विन्देश्वर सहनी, हरिन्द्र राउत कुर्मी, प्रभावती दुसादिन, रिना देवी, मदन मलाह र गीता देवी चयन भएका छन् ।

पार्टीले समितिको सल्लाहकार समूह पनि गठन गरेको छ । सल्लाहकारमा विजय पटेल, राकेश दास बनिया, मिथुन पटेल, वीरेन्द्र चमार तथा रामरूप प्रसाद पटेल रहेका छन् ।

नवनिर्वाचित पदाधिकारीहरूले वडा स्तरमा पार्टीको संगठनलाई थप सक्रिय र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरूले स्थानीय जनताको समस्या, आवश्यकता र अपेक्षालाई प्रत्यक्ष रूपमा सम्बोधन गर्दै जनतासँग निरन्तर समन्वय गरेर अघि बढ्ने बताएका छन् ।

रास्वपाले पछिल्लो समय मधेसका विभिन्न पालिका तथा वडास्तरमा संगठन विस्तार अभियानलाई तीव्र बनाएको छ । पर्सामा पनि पार्टीले स्थानीय तहसम्म संगठन सुदृढीकरणमा ध्यान केन्द्रित गर्दै नयाँ समिति गठनलाई निरन्तरता दिएको जनाएको छ ।

# वीरगंजमा होटल तथा क्यान्टिनमाथि कडा अनुगमन, तीन व्यवसायीलाई ७५ हजार जरिवाना



***वीरगंज, ०२ जेठ***

मूल्य पारदर्शिता सप्ताहअन्तर्गत जिल्ला अनुगमन समितिले वीरगंज महानगरपालिकाका विभिन्न क्षेत्रमा सञ्चालित होटल तथा क्यान्टिनमा आकस्मिक अनुगमन गर्दै उपभोक्ता हितविपरीत कार्य गर्ने तीन व्यवसायीलाई कारबाही गरेको छ । संयुक्त अनुगमन टोलीले उपभोक्ता संरक्षण ऐन, २०७५ तथा नियमावली, २०७६ विपरीत गतिविधि गरेको पाइएपछि जरिवाना गरिएको जनाएको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जका निमित्त प्रमुख आशुतोष कुशवाहाका अनुसार शुक्रबार गरिएको अनुगमनका क्रममा वीरगंज महानगरपालिका-११ मा सञ्चालित तराई क्यान्टिनमा विभिन्न कानुनी त्रुटि भेटिएको थियो । क्यान्टिनका सञ्चालक दीपक शाहले उपभोक्ता संरक्षण ऐनको दफा १५ विपरीत कार्य गरेको तथा दफा ३८ (ट) अनुसार कसुर गरेको ठहर गर्दै दफा ३९ (१) (घ) बमोजिम ५० हजार रुपैयाँ जरिवाना गरिएको उनले जानकारी दिए ।

यसैगरी वीरगंज महानगरपालिका-१३ मा सञ्चालनमा रहेको ज्योति मगर होटलका सञ्चालक शेखर मगरलाई पनि उपभोक्ता अधिकार उल्लंघन गरेको आरोपमा कारबाही गरिएको छ । अनुगमन टोलीले ऐनको दफा १५ विपरीत कार्य गरेको तथा दफा ३८ (घ) अन्तर्गत कसुर गरेको ठहर गर्दै उनलाई दफा ३९ (१) (क) अनुसार २० हजार रुपैयाँ जरिवाना गरेको जनाएको छ ।

सोही क्षेत्रमा सञ्चालित चौधरी होटलकी सञ्चालक उर्मिला महतोलाई समेत उपभोक्ता संरक्षणसम्बन्धी मापदण्ड पालना नगरेको पाइएपछि पाँच हजार रुपैयाँ जरिवाना गरिएको छ । समितिका अनुसार उनले पनि ऐनको दफा १५ विपरीत कार्य गरेको तथा दफा ३८ (घ) अनुसार कसुर गरेको ठहर गरिएको हो ।

अनुगमनका क्रममा वीरगंज-१३ मा सञ्चालनमा रहेको अनु देवीको व्यवसायमा समेत केही कमजोरी र सुधार गर्नुपर्ने पक्ष देखिएको जनाइएको छ । यद्यपि तत्काल कारबाही नगरी आवश्यक सुधार गर्न निर्देशन दिइएको समितिले जनाएको छ ।

जिल्ला अनुगमन समितिले बजारमा उपभोक्तामाथि हुने ठगी, गुणस्तरहीन सेवा तथा मूल्यमा अपारदर्शिता नियन्त्रण गर्न यस्ता अनुगमनलाई निरन्तरता दिइने स्पष्ट पारेको छ । समितिले व्यवसायीलाई कानुनी मापदण्ड पालना गर्न तथा उपभोक्ताको अधिकारप्रति जिम्मेवार बन्न आग्रह गरेको छ ।

## सार्वजनिक.....

आफैं संरचना हटाउन थालेका छन् भने कतिपय स्थानमा प्रशासनको समन्वयमा डोजर प्रयोग गरी अतिक्रमण हटाउने काम भइरहेको छ । अतिक्रमण हटाउने क्रममा नेपाल प्रहरी, स्थानीय तहका प्रतिनिधि तथा प्रशासनका कर्मचारीहरूको समेत सक्रिय सहभागिता रहेको छ ।

प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले केन्द्र सरकारको सार्वजनिक तथा सरकारी सम्पत्ति संरक्षण गर्ने नीति अनुरूप अभियान सञ्चालन गरिएको बताएका छन् । उनका अनुसार सरकारी स्वामित्वमा रहेका जग्गा लामो समयदेखि अव्यवस्थित रूपमा प्रयोग हुँदै आएकाले अब त्यस्ता सम्पूर्ण अतिक्रमण हटाइनेछ । "सरकारी जग्गा कुनै पनि व्यक्तिले व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्न पाउँदैन । कानुनी प्रक्रिया पूरा नगरी निर्माण गरिएका संरचना हटाउनैपर्छ," प्रमुख जिल्ला अधिकारी मिश्रले बताएका छन् । उनले जिल्लाभित्र रहेका अन्य सरकारी तथा सार्वजनिक जग्गाको समेत खोजी, नापजाँच र अभिलेखीकरणको काम भइरहेको जानकारी दिए ।

स्थानीयवासीका अनुसार कलैया क्षेत्रमा वर्षौंदेखि सार्वजनिक जग्गामा अनधिकृत बसोबास र व्यापारिक संरचना विस्तार हुँदै आएको थियो । कतिपय स्थानमा राजनीतिक संरक्षण र प्रशासनिक बेवास्ताका कारण अतिक्रमण बढ्दै गएको आरोप समेत लाग्ने गरेको छ । अहिले प्रशासनले अभियान नै सञ्चालन गरेर अतिक्रमण हटाउन थालेपछि स्थानीय स्तरमा मिश्रित प्रतिक्रिया देखिएको छ ।

केही स्थानीयले सार्वजनिक सम्पत्ति संरक्षणका लागि प्रशासनको कदम स्वागतयोग्य भएको बताएका छन् भने प्रभावित पक्षले वैकल्पिक व्यवस्थाबिना हटाइँदा समस्या पर्ने गुनासो गरेका छन् ।

जिल्ला प्रशासन कार्यालयले भने सार्वजनिक हित, सरकारी सम्पत्तिको संरक्षण तथा भविष्यमा विकास निर्माणका योजना कार्यान्वयन गर्न सहज बनाउन अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिइने स्पष्ट पारेको छ ।

## बौधिमाई.......

कुरालाई राजनीतिक इस्यु बनाएर ममाथि बर्बरतापूर्वक हातपात गरेका हुन् । मलाई कुटपिट गरेर मात्र चित्त बुझेन अपराधीलाई जस्तै घण्टौंसम्म पालिकाभित्रै बन्धक बनाएर मानसिक र शारीरिक यातना दिइयो ।

चौतर्फी विरोध र कानुनी उपचारको माग

जनप्रतिनिधि जस्तो जिम्मेवार पदमा बसेका व्यक्तिले राष्ट्रसेवक कर्मचारीमाथि कार्यालयभित्रै डन शैलीमा आक्रमण गरेपछि स्थानीय स्तरमा यसको तीव्र विरोध सुरु भएको छ । शिक्षक संघ-संगठनहरू र नागरिक समाजले घटनाको भर्त्सना गर्दै दोषी मेयरमाथि कडा कानुनी कारबाहीको माग गरेका छन् ।

कार्यकक्षभित्रै राष्ट्रसेवक कर्मचारीको सुरक्षा हुन नसक्नुले बौधिमाई नगरपालिकामा भयको वातावरण सिर्जना भएको स्थानीयको भनाइ छ । पीडित शिक्षक यादवले न्याय र सुरक्षाका लागि कानुनी ढोका ढकढकाउने तयारी गरिरहेका छन् । मेयर यादवको यो अराजक कदमले स्थानीय प्रशासन र जनप्रतिनिधिहरू बीचको सम्बन्धलाई थप तनावपूर्ण बनाएको छ । यो समाचार तयार पर्दा अघि नगर प्रमुख यादव संग फोन सम्पर्क गर्दा सम्पर्क हुन सकेको छैन ।

## बारा प्रहरी.........

महानिरीक्षकको अध्यक्षतामा बसेको सरुवा समितिको निर्णयअनुसार जेठ महिनादेखिको तलब, भत्ता तथा अन्य सुविधा सरुवा भएको दरबन्दीबाट नै पाउने व्यवस्था गरिएको जनाइएको छ । पछिल्लो सरुवालाई संगठनभित्र कार्यसम्पादन मूल्यांकन, प्रशासनिक आवश्यकता तथा सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने रणनीतिसँग जोडेर हेरिएको छ । बारा जस्तो सीमावर्ती तथा संवेदनशील जिल्लामा हुने नेतृत्व परिवर्तनले सुरक्षा संयन्त्र, ट्राफिक व्यवस्थापन र अपराध नियन्त्रणका गतिविधिमा प्रत्यक्ष प्रभाव पार्ने स्थानीयको अपेक्षा छ ।

## भन्सारबाट.......

चारपाङ्गे सवारी तथा औद्योगिक प्रयोजनका सामग्री आयात बढेकाले राजस्व संकलनमा सकारात्मक प्रभाव परेको छ," विष्टले बताएका छन् ।

कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार चालु आवको सुरुआती महिनादेखि नै राजस्व संकलनमा उतारचढाव देखिएको थियो । साउन महिनामा १८ अर्ब ४४ करोड रुपैयाँ राजस्व संकलन भएको थियो भने भदौमा यो बढेर २० अर्ब ७३ करोड पुगेको थियो ।

असोजमा १९ अर्ब ९ करोड, कात्तिकमा १७ अर्ब ३३ करोड तथा मंसिरमा २० अर्ब ८० करोड रुपैयाँ राजस्व संकलन गरिएको कार्यालयले जनाएको छ । यस्तै पुस महिनामा २० अर्ब २० करोड, माघमा १८ अर्ब ९२ करोड, फागुनमा १९ अर्ब ३४ करोड, चैतमा २२ अर्ब ८२ करोड तथा वैशाखमा २१ अर्ब ७४ करोड रुपैयाँ राजस्व उठेको विवरणमा उल्लेख छ । चैत महिनामा सबैभन्दा बढी राजस्व संकलन भएको देखिन्छ ।

भन्सार विभागले चालु आर्थिक वर्षका लागि वीरगंज भन्सार कार्यालयलाई कुल दुई खर्ब ७३ अर्ब ३९ करोड रुपैयाँ राजस्व संकलन गर्ने वार्षिक लक्ष्य दिएको छ । आर्थिक वर्ष समाप्त हुन अझै दुई महिना बाँकी रहेकाले लक्ष्य नजिक पुग्न थप आयात वृद्धि र व्यापारिक गतिविधि सक्रिय हुनुपर्ने देखिन्छ । वीरगंज नाका नेपाल-भारत व्यापारको सबैभन्दा व्यस्त प्रवेशद्वार मानिन्छ । यहाँबाट दैनिक रूपमा पेट्रोलियम पदार्थ, खाद्यान्न, सवारीसाधन, औद्योगिक कच्चापदार्थ तथा उपभोग्य सामग्री आयात हुँदै आएको छ । यही कारण वीरगञ्ज भन्सारको राजस्व अवस्था देशको समग्र आर्थिक गतिविधिको संकेतकका रूपमा समेत हेरिने गरिन्छ ।

**जनहितमा जारी सन्देश**

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

**सुवर्ण गाउँपालिका, कवहीगोठ, बारा**

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# रास्वपामा बारा संगठनभित्र विवाद चुलियो : सबै सार्वजनिक गतिविधि स्थगित, विस्तारित बैठक बोलाइयो

*शु.आ. सम्बाददाता*
*बारा, ०२ जेठ*




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बारा जिल्ला संगठनभित्र देखिएको आन्तरिक विवाद र संगठनात्मक असमझदारी सार्वजनिक रूपमा बाहिर आएको छ । पार्टीको बारा जिल्ला संगठन निर्माण विशेष समितिले जारी गरेको औपचारिक सूचनामार्फत जिल्लाभरका सबै सार्वजनिक तथा संगठनात्मक गतिविधि तत्कालका लागि स्थगित गरिएको जनाएको छ ।

रास्वपा बारा जिल्ला संगठन निर्माण विशेष समितिका संयोजक कामिनी चौधरीद्वारा जारी सूचनाअनुसार २०८३ जेठ १ गते बसेको विशेष समितिको बैठकले यस्तो निर्णय गरेको हो । सूचनामा बारा जिल्लाअन्तर्गतका सबै वडा, पालिका तथा निर्वाचन क्षेत्रस्तरीय पार्टीसँग सम्बन्धित सार्वजनिक गतिविधि अर्को निर्णय नभएसम्म स्थगित रहने उल्लेख गरिएको छ । सदस्यता वितरण, सार्वजनिक कार्यक्रम तथा संगठन विस्तारसँग सम्बन्धित गतिविधि रोकिएको जनाइएको छ ।

पार्टीभित्र देखिएको संगठनात्मक समस्या समाधान, समन्वय र आवश्यक छलफलका लागि विस्तारित बैठक बोलाइएको पनि सूचनामा उल्लेख छ । बैठकमा बारा जिल्लाका संघीय सांसद, पार्टीका केन्द्रीय तथा प्रदेश समितिका पदाधिकारी, विभागीय प्रतिनिधि, जिल्ला समिति, निर्वाचन क्षेत्र समिति, वडा समिति तथा पालिका समितिका प्रतिनिधिहरू सहभागी हुने जनाइएको छ ।

विशेष समितिले जारी गरेको सूचनाअनुसार यही जेठ ७ गते शनिबार बिहान ११ बजे बाराको कलैयास्थित करण राज प्यालेसमा विस्तारित बैठक आयोजना गरिनेछ । बैठकमा जिल्लाभरका संगठनात्मक विवाद, नेतृत्व समन्वय, जिम्मेवारी बाँडफाँट तथा आगामी रणनीतिबारे छलफल हुने बताइएको छ ।

सूचनामा विस्तारित बैठक सम्पन्न भएर आवश्यक निर्णय नभएसम्म पार्टीका अन्य संगठनात्मक गतिविधि सञ्चालन नगर्न/नगराउन समेत निर्देशन दिइएको छ । यसले बारा जिल्लामा रास्वपाभित्र आन्तरिक विवाद गहिरिँदै गएको संकेत गरेको राजनीतिक वृत्तमा चर्चा छ ।

पार्टी स्रोतका अनुसार पछिल्लो समय संगठन विस्तार, नेतृत्व चयन, जिम्मेवारी बाँडफाँट तथा सदस्यता व्यवस्थापनका विषयमा जिल्लाभित्र विभिन्न समूहबीच असन्तुष्टि बढ्दै गएको थियो । यही अवस्थालाई नियन्त्रणमा लिन विशेष समिति सक्रिय भएको बताइएको छ ।

सूचनाको अन्त्यमा कुनै जिज्ञासा, सुझाव वा समन्वय आवश्यक परेमा विशेष समितिका सदस्य प्रदीप तिमल्सिनासँग सम्पर्क गर्न सकिने उल्लेख गरिएको छ ।

रास्वपाले छोटो समयमै देशभर प्रभाव विस्तार गरिरहेको अवस्थामा बारा जिल्लामा देखिएको यो विवादले स्थानीय संगठन व्यवस्थापन र नेतृत्व समन्वयमाथि प्रश्न उठाएको राजनीतिक विश्लेषकहरूको भनाइ छ । अब हुने विस्तारित बैठकले विवाद समाधान गरेर संगठनलाई एकताबद्ध बनाउने वा थप ध्रुवीकरणतर्फ लैजाने भन्ने चासो बढेको छ ।

# बोक्सीको आरोपमा कुटपिट गर्ने र बैंकिङ्ग कसुरका फरार प्रतिवादी पक्राउ

*शु. आ. सम्बाददाता*
*रौतहट , ०२ जेठ*




जिल्ला प्रहरी कार्यालय रौतहटले अमानवीय व्यवहार र बैंकिङ्ग कसुर मुद्दामा संलग्न भई फरार रहेका दुई जना प्रतिवादीहरूलाई पक्राउ गरेको छ । प्रहरीले छुट्टाछुट्टै स्थान र मुद्दामा संलग्न रहेका उनीहरूलाई नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाएको हो ।

घटना विवरण अनुसार गत वैशाख १९ गते रौतहटको कटहरीया नगरपालिका वडा नं. ९ डुमरिया टोलमा एक ५५ वर्षीया एकल महिलामाथि सोही स्थान बस्ने गौरी साह कलवार लगायतका व्यक्तिहरूले सांघातिक हमला गरेका थिए ।

आफ्नो आफन्तलाई बिरामी पारेको भन्दै ती महिलालाई बोक्सीको झुठो आरोप लगाई गालीगलौज, लछारपछार र कुटपिट गरिएको थियो । मानवताको पराकाष्ठा नाघ्दै समूहले ती महिलालाई मलमुत्र समेत खुवाएर अमानवीय तथा अपमानजनक व्यवहार गरेका थिए । उक्त घटना पश्चात् फरार रहेका अभियुक्त मध्येका एक राजेन्द्र माझीलाई प्रहरीले विशेष सूचनाको आधारमा जेठ १ गते पक्राउ गरेको हो । त्यसैगरी रौतहट प्रहरीले बैंकिङ्ग कसुर मुद्दामा लामो समयदेखि फरार रहेका अर्का एक प्रतिवादीलाई पनि पक्राउ गरेको छ । देवाही गोनाही नगरपालिका वडा नं. ९ का राजेश कुमार साहको जाहेरीले वादी नेपाल सरकार रहेको उक्त मुद्दामा चन्द्रनिगाहापुर नगरपालिका वडा नं. ९ डुमरिया बस्ने ३८ वर्षीय सफदिन कुमार देवान संलग्न रहेका थिए ।

प्रहरी टोलीले उनलाई पनि जेठ १ गते नै फेला पारी नियन्त्रणमा लिएको हो । देवानमाथि बैंकिङ्ग कसुर अन्तर्गत थप अनुसन्धान भइरहेको प्रहरीले जनाए । जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक बिष्णु प्रदिप बस्यालका अनुसार पक्राउ परेका दुवै प्रतिवादीहरूलाई हिरासतमा राखी जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान प्रक्रिया तीव्र पारिएको छ ।

समाजमा हुने यस्ता जघन्य र अमानवीय अपराधका दोषीहरूलाई कुनै पनि हालतमा छोडिने छैन, डीएसपी बस्यालले भने फरार रहेका अन्य व्यक्तिको खोजी कार्य पनि जारी छ । पछिल्लो समय रौतहट प्रहरीले जिल्लाका विभिन्न पुराना मुद्दाका फरार प्रतिवादीहरूलाई पक्राउ गर्ने अभियानलाई तीव्रता दिएको छ, जसले गर्दा कानुनी राज्यको अनुभूति भएको स्थानीय बासिन्दाहरूले बताए ।

# वीरगंज भन्सारबाट १० महिनामै झन्डै दुई खर्ब राजस्व संकलन, लक्ष्यभन्दा अझै करिब २४ अर्ब कम

*शु.आ. सम्बाददाता*
*वीरगंज, ०२ जेठ*




देशकै प्रमुख राजस्व संकलन केन्द्रमध्ये एक वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो १० महिनामा झन्डै दुई खर्ब रुपैयाँ राजस्व संकलन गरेको छ । आयात गतिविधिमा आएको विस्तार, पेट्रोलियम पदार्थको उच्च कारोबार तथा सवारीसाधन आयात बढेसँगै भन्सारको आम्दानी उल्लेखनीय देखिएको हो ।

कार्यालयका अनुसार चालु आर्थिक वर्षको साउनदेखि वैशाख मसान्तसम्म एक खर्ब ९९ अर्ब ४० करोड रुपैयाँ राजस्व संकलन गरिएको छ । यद्यपि भन्सार विभागले तोकेको लक्ष्यको तुलनामा संकलन अझै केही कम रहेको देखिएको छ ।

भन्सार विभागले उक्त अवधिका लागि वीरगञ्ज भन्सारलाई दुई खर्ब २३ अर्ब १८ करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य दिएको थियो । तर हालसम्म लक्ष्यको ८९ दशमलव ३५ प्रतिशत मात्र उपलब्धि हासिल भएको कार्यालयले जनाएको छ । यस हिसाबले लक्ष्यभन्दा करिब २३ अर्ब ७८ करोड रुपैयाँ कम राजस्व संकलन भएको देखिन्छ ।


वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार चालु आर्थिक वर्षमा राजस्व संकलन समग्रमा सन्तोषजनक अवस्थामा रहेको छ । उनका अनुसार पेट्रोलियम पदार्थ, सवारीसाधन तथा तिनका पार्टपुर्जाको आयातले कार्यालयको राजस्व वृद्धिमा मुख्य योगदान दिएको छ । "विशेषगरी इन्धन, मोटरसाइकल,

*बाँकी तेश्रो पृष्ठमा*


## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने विषयवस्तु

१. जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति (जग्गाधनी) बुझेर सो जग्गा निजको हकभोगमा छ/छैन प्रष्ट हुनुहोस ।
२. कित्ताको मोठ, श्रेष्ता, जग्गाधनीको फोटो, तीनपुस्ते विवरण भिडे नभिडेको एकिन गर्नुहोस ।
३. जग्गाको प्रकृति (रैकर, गुठी) के हो ? प्रष्ट हुनुहोस ।
४. जग्गामा मोही कायम रहे/नरहेको विवरण फिल्डबुक तथा मालपोतको अभिलेखमा हेरी प्रष्ट हुनुहोस ।
५. कुनै अड्डा / अदालत वा अन्य कुनै कार्यालयले जग्गा रोक्का राखे नराखेको वा जग्गामा विवाद रहे/नरहेको एकिन गर्नुहोस ।
६. किताकाट गरी लिनुपर्दा जमिन तथा नक्सा बमोजिम कुन तर्फ कति क्षेत्रफल लिने हो एकिन गर्नुहोस ।
७. जग्गामा गरेको हकभोगको आकार र क्षेत्रफल नक्सा बमोजिम मिल्छ / मिल्दैन एकिन गर्नुहोस ।
८. नक्शा, लालपुर्जा र जमिनको क्षेत्रफल मिल्छ / मिल्दैन एकिन गर्नुहोस ।
९. जग्गा र नक्शामा प्रष्टरुपमा बाटो रहे/नरहेको बुझ्नुहोस ।
१०. कित्तामा विवाद रहे/नरहेको बुझ्न जमिनमा गई सँधियारबाट बुझ्नुहोस ।
११. नक्सा बमोजिम जमिनमा चारैतर्फ सिमाना एकिन गरी रेखाङ्कन गर्नुहोस ।
१२. खरिद गर्न लागिएको जग्गा स्थानीय तहको बर्गीकरण बमोजिम कुन वर्गमा पर्छ एकिन गर्नुहोस ।
१३. घर टहरा वा अन्य स्थायी संरचना जमिनमा भएकोमा सोको स्वामित्व हस्तान्तरण हुने भए लिखतमा खुलाउनुहोस ।
१४. अंशियार, हकवाला / मोहीको सम्बन्धमा बुझी लिखतमा साक्षी राख्नु पर्ने अवस्थामा लिखत पारित गर्दा साक्षी राख्नुहोस ।
१५. पारित लिखत संशोधन प्रकृया लामो, कानुनी हिसाबले झन्झटिलो हुने हुँदा लिखत पारित हुनु अगावै माथि उल्लेखित कुराहरुमा ध्यान दिई ढुक्क रहनुहोस ।

मालपोत कार्यालय, सिम्रौनगढ बारा

## श्री नेपाल राष्ट्रिय माध्यमिक विधालय बबुआईन
*Shree Nepal Rastriya Secondary School,Babuain*
महागढीमाई न.पा.-०६ बारा
*Mahagadhimai Municipality-6 Bara*
Estd:2022
MobN.9855048489 EMIS-330050002
Email:mavibabuain@gmail.com

पत्र संख्या : २०८२/०८३
चलानी नं. : १२०
मिति : २०८३/०२/०१

**विषय:** कक्षा ११ को परीक्षा फाराम भर्ने सम्बन्धमा।

सम्बन्धित सरोकारवालाहरु,

प्रस्तुत विषयमा यस विधालयमा शैक्षिक सत्र २०८२ अन्तर्गत कक्षा ११ मा भर्ना भई रजिष्ट्रेशन फाराम भरेका विधार्थीहरुले कक्षा ११ को वार्षिक परीक्षा २०८३ मा सम्मिलित हुन यहि मिति २०८३/०२/०३ देखि २०८३/०२/१५ गतेसम्ममा आवेदन फाराम भर्नुहुन जानकारी गराईन्छ। साथै परीक्षाको कार्यतालिका प्रकाशन गरिएको छ।

कक्षा ११ को वार्षिक परीक्षाको समय तालिका

**परीक्षा समय :** दिउसो १:०० बजेदेखि ४:०० बजेसम्म

| Date | Day | Subjects | Sub.Code |
|---|---|---|---|
| 2082-02-20 | Wednesday | Com.English | 0031 |
| 2082-02-21 | Thursday | Com.Nepali | 0011 |
| 2082-02-22 | Friday | Com. Social Studies & Life Skill | 0051 |
| 2082-02-24 | Sunday | Accounting | 1031 |
| | | Opt.Nepali | 3311 |
| 2082-02-25 | Monday | Economics | 3031 |
| | | Health & Physical Education | 4431 |
| 2082-02-26 | Tuesday | Business Studies | 2151 |
| | | Education & Development | 2031 |

**नोट : समयमा परीक्षा फाराम नभरेमा परीक्षामा सहभागी गराइने छैन। सोको जिम्मेवार विधार्थी स्वयंम हुनेछ।**

सुरेश कुमार सिंह
प्रधानाध्यापक


**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका